# सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि' २०८१

*(मिति २०८१/०६/२० गतेको मा. मन्त्रिस्तर निर्णयानुसार स्वीकृत)*

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय

# सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृध्दि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

स्वीकृति मिति:

प्रस्तावना:

प्रदेश भित्रका सामुदायिक क्याम्पसहरुको शैक्षिक गुणस्तर अभिवृध्दि गर्न सहयोग गरी सामुदायिक क्याम्पसलाई प्रतिस्पर्धी बनाउन, उच्च शिक्षाको गन्तब्यका रुपमा स्थापित गर्दै सामुदायिक क्याम्पसहरुको संस्थागत क्षमता र कार्यदक्षता अभिवृध्दि गर्न बाञ्छनीय भएकोले विनियोजन ऐन, २०८१ को दफा ११ (२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यस कार्यविधिको नाम "सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृध्दि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ ।

(ख) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषा:

(क) कार्यालय भन्नाले मन्त्रालय अन्तर्गत स्थापना भएका सामाजिक विकास कार्यालयलाइ सम्झनुपर्दछ ।

ख) "गुणस्तर" भन्नाले उच्च शिक्षाको सम्वन्धमा परिषद्बाट निर्धारित वा अनुमोदित न्यूनतम योग्यता वा प्रारम्भिक पूर्वाधार, आवश्यकता र शर्त, मानक, सूचक तथा मापदण्ड, लक्षण तथा विशेषताको सामूहिक स्वरुपलाई सम्झनु पर्दछ ।

(ग) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा, नेपाललाई सम्झनु पर्दछ ।

(घ) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्दछ ।

(ङ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, नेपाललाई सम्झनु पर्दछ ।

बद्रीनाथ गैरे
प्रदेश सचिव

(च) "सामुदायिक क्याम्पस" भन्नाले नेपालको कुनै विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी स्नातक वा सोभन्दा माथिका शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका तथा समुदायद्वारा स्थापना गरी गैरनाफामूलक रुपमा सञ्चालन भएका क्याम्पसहरुलाई सम्झनु पर्दछ।

छ) "स्थानीय तह" भन्नाले जिल्ला समन्वय समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका समेतलाई सम्झनु पर्दछ ।

## परिच्छेद – २

## उद्देश्य, सर्त, छनोट प्रकृया र मापदण्ड

३. उद्देश्यः (१) यस कार्यक्रमको उद्धेश्य देहाय बमोजिम रहेको छः

क) सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर अभिवृध्दि गर्न सहयोग गर्नु,

ख) अनुदान दिने आधार, प्रक्रिया निर्धारण गर्नु,

ग) अनुदान वितरण कार्यलाई पारदर्शी, जबाफदेही र नतिजामूलक बनाउनु ।

४. **सर्तः** (१) सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृध्दि कार्यक्रम अनुदानको लागि आवेदन दिन देहायका शर्त पुरा गरेको हुनु पर्नेछः

क) स्थापना भई कम्तीमा तीन शैक्षिक सत्र पूरा गरेको सामुदायिक क्याम्पस हुनुपर्ने

ख) विषयगत योग्यता पुगेका अध्यापक हुनुपर्ने

ग) क्याम्पसमा कार्यरत अध्यापक मध्ये कम्तीमा १० प्रतिशत अध्यापक पूर्णकालीन हुनुपर्ने

घ) प्राप्त अनुदान रकम शैक्षिक गुणस्तर अभिवृद्धि अन्तर्गत कक्षाकोठा व्यवस्थापन, E-library, ICT, विषयगत प्रयोगशाला निर्माण, विद्यार्थी पोर्टफोलियो निर्माण जस्ता क्षेत्रमा खर्च गर्ने गरी प्रस्तावना पेस गर्नु पर्नेछ ।

ङ) अनुदान रकमबाट क्याम्पसको कुनै पनि भौतिक संरचना निर्माण तथा मर्मत गर्न, शिक्षक तथा कर्मचारीको तलब भत्ता जस्ता कार्यमा खर्च गर्न पाइने छैन ।

५. <u>छनोट समितिः</u> (१) कार्यक्रम सञ्चालनका लागि निर्देशनालयमा प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन र सिफारिस गर्न देहायबमोजिमको छनोट तथा सिफारिस समिति रहनेछः

| | |
|---|---|
| (क) महनिर्देशक, निर्देशनालय | संयोजक |
| (ख) प्रमुख, योजना तथा शिक्षा विकास महाशाखा, मन्त्रालय | – सदस्य |
| (ग) अध्यक्ष, पब्लिक क्याम्पस संघ, बागमती प्रदेश | – सदस्य |
| (घ) निर्देशनालयबाट मनोनित १ जना विज्ञ | – सदस्य |
| (ङ) निर्देशनालयको योजना महाशाखाको निर्देशक | – सदस्य सचिव |

बद्रीनाथ गैहे
प्रदेश सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

(२) क्याम्पस छनोट समितिले आवश्यकतानुसार विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सरकारद्वारा स्वीकृत कार्यसञ्चालन निर्देशिका अनुसार हुनेछ।

(४) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. <u>छनोट समितिको काम, कर्तव्य र अधिकार</u>: (१) क्याम्पस छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

क) दफा ४ बमोजिमका सर्त पुरा गरेका सामुदायिक क्याम्पसहरूले अनुदानका लागि अनुसूची २ मा तोकिएको ढाँचा र कागजातहरू संलग्न राखी प्रस्ताव पेस गर्न १५ दिनको सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा र निर्देशनालय तथा सामाजिक विकास मन्त्रालयको वेबसाइटमा प्रकाशित गर्ने गराउने ।

ख) अनुसूची १ मा उल्लेखित मापदण्डका आधारमा क्याम्पस छनोट गरी निर्देशनालमा सिफारिस गर्ने। छनोटको क्रममा एक भन्दा बढी क्याम्पसको अङ्क बराबर हुन आएमा विद्यार्थी सङ्ख्या बढी भएको क्याम्पसलाई सिफारिस गर्ने ।

ग) छनोट भई आएका क्याम्पसहरूसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने गराउने

घ) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने ।

७. <u>कार्यक्रमको सम्झौता एवम् अनुदान निकासा:</u> (१) दफा ४ बमोजिमको मापदण्ड पुरा गरी दफा ५ बमोजिमको समितिबाट छनोटका लागि सिफारिस भएका सम्बन्धित क्याम्पसका क्याम्पस प्रमुख र शिक्षा विकास निर्देशनालयबीच अनुसूची- ३ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता हुनेछ।

(२) सम्झौताको तीन प्रति तयार गरी एक प्रति सम्बन्धित शैक्षिक संस्थामा, एक प्रति सम्बन्धित स्थानीय तहमामा र एक प्रति शिक्षा विकस निर्देशनालयमा रहनेछ।

(३) दफा ५ बमोजिम छनोट भई सम्झौता गरिएका क्याम्पसलाई प्रति क्याम्पस बढीमा रु. ५ लाख सम्म अनुदान प्रदान गर्न सकिनेछ।

(४) स्वीकृत अनुदान बजेटको बढीमा ५० प्रतिशत पहिलो किस्तामा र बाँकी रकम अन्तिम किस्तामा निकासा गरिनेछ।

(५) प्रगति प्रतिवेदन कार्यक्रमको, सम्बन्धित क्षेत्रको प्राविधिकको प्रतिवेदन, खर्चको विल भरपाईहरुको प्रमाणित प्रतिलिपि र सम्झौतामा तोकिएको शर्त बमोजिम कार्य सम्पन्न भएको व्यहोरा सहितको क्याम्पस सञ्चालक समितिको निर्णयको प्रतिलिपि र स्थानीय तहको सिफारिस लगायत अन्य

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

आवश्यक कागजातहरु सहित अन्तिम किस्ताको रकम २०८२ बैशाख मसान्त भित्र माग गरी सक्नु पर्नेछ ।

(६) स्वीकृत भएको कार्यक्रम/ परियोजना सम्झौतामा उल्लिखित शर्तको अधीनमा रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। योजनाको प्रस्तावित कार्ययोजना बमोजिम कार्य नगरेमा दोस्रो किस्ता वापतको रकम निकासा हुनेछैन। साथै निकास भएको प्रथम किस्ता वापतको रकम समेत फिर्ता गर्नुपर्नेछ।

## परिच्छेद-३
## विविध

८. **खर्च व्यवस्थापनः** कार्यक्रम सञ्चालनका लागि मन्त्रालय एवम् निर्देशनालयमा भएको बैठक तथा सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्य र अनुगमनमा भएको अत्यावश्यक खर्च सम्बन्धित शीर्षकबाट व्यवस्थापन गरिने छ ।

९. **लेखा तथा लेखापरीक्षणः** क्याम्पसहरूले शैक्षिक गुणस्तर अभिवृध्दि कार्यक्रमको अनुदान बापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नु पर्ने छ र लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ ।

१०. **सरकारी बाँकी सरह असुलउपर गरिनेः** शैक्षिक गुणस्तर अभिवृध्दि कार्यक्रमको अनुदान प्राप्त गर्ने क्याम्पसहरूले सम्झौतामा तोकिएको सर्त विपरीत कार्य गरेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

११. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुने छ ।

१२. **कार्यविधि संशोधनः** आर्थिक दायित्व/विषयको हकमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा र अन्य विषयमा मन्त्रालयले यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

बद्रीनाथ गैहे
प्रदेश सचिव

अनुसूची १

## क्याम्पस छनोट मापदण्ड

जिल्लाः

क्याम्पसको नामः

| क स | विषय क्षेत्र | पूर्णाङ्क | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | सञ्चालित संकाय (कार्यक्रम)<br>क) एक मात्र संकाय चलेको भए १५ अंक<br>ख) दुई वा दुईभन्दा बढी संकाय चलेको भए २० अंक | २० | | |
| २ | शिक्षक व्यवस्थापन<br>क) पूर्णकालीन विषयगत शिक्षक १० देखि २५ प्रतिशत सम्म भए भएमा २० अंक<br>ख) पूर्णकालीन विषयगत शिक्षक २५ प्रतिशत भन्दा माथि ५० प्रतिशत सम्म २२ अंक<br>ख) पूर्णकालीन विषयगत शिक्षक ५० प्रतिशत भन्दा माथि २५ अंक | २५ | | |
| ३ | विद्यार्थी सख्या<br>क एक सय जना सम्म विद्यार्थी भएमा १५ अंक<br>ख एक सय एक देखि ४०० सम्म विद्यार्थी भएमा १८ अक<br>ग ४०१ देखि माथि विद्यार्थी सख्या भएमा २० अंक | २० | | |
| ४ | छात्रा भर्ना<br>क) कूल विद्यार्थी संख्याको ५० प्रतिशत वा सोभन्दा बढी छात्राहरु अध्ययनरत भए १५ अंक<br>ख) कूल विद्यार्थी संख्याको ५० प्रतिशत भन्दा कम छात्राहरु | १५ | | |

बद्रीनाथ गैह
प्रदेश सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | अध्ययनरत भए १२ अंक | | | |
| ५ | भौगोलिक क्षेत्र<br>क) गाउँपालिका भित्रको क्याम्पस भए २० अंक<br>ख) नगरपालिका भित्रको क्याम्पस भए १८ अंक<br>ग) उपमहानगरपालिका/महानगरपालिका भित्रको क्याम्पस भए १५ अंक | २० | | |
| | कूल अंक | १०० | | |

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

अनुसूची २

## शैक्षिक गुणस्तर अभिवृध्दि कार्यक्रम अनुदान प्रस्ताव फाराम

दफा ४ को उपदफा (१) संग सम्बन्धित

### खण्ड क

क्याम्पसको नाम ठेगाना

स्थापना मिति सञ्चालक समितिको गठन भएको मिति

क्याम्पसको इमेल फोन/मोवाइल न.

१. क्याम्पसको परिचय

२. क्याम्पसको वर्तमान अवस्था

- शैक्षिक अवस्था
- भौतिक अवस्था ( जग्गा, जमिन तथा भवनहरुको अवस्था)
- जनशक्तिको अवस्था
- आर्थिक स्रोत व्यवस्थापनको अवस्था:
- प्रशासनिक अवस्था:
- क्याम्पस व्यवस्थापन ( सञ्चालक समितिको अवस्था):
- क्याम्पसमा भएका कोठा/ भवनहरुको प्रयोगको अवस्था:

३ गुणस्तर अभिवृद्धि गर्न क्याम्पसले अवलम्वन गरेका उपायहरु( विगत ५ वर्ष यताको)

४. विद्यार्थी नतिजा:

(१) पछिल्लो तीन वर्षको क्याम्पसको कुल नतिजा प्रतिशत

स्नातक

स्नाकोतर

| क्र.सं. | संकायको नाम | स्नातक/स्नाकोत्तर | नतिजा (प्रतिशत) | औषत | कैफियत |
|---|---|---|---|---|---|

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | | | शैक्षिक शत्र २०.. | शैक्षिक शत्र २०.. | शैक्षिक शत्र २०.. | नतिजा प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

५. शिक्षक विवरण: ( अध्यापकहरुको मात्र नामावली उल्लेख गर्नुपर्ने)

| क्र.सं. | अध्यापन गर्ने संकायको नाम | शिक्षकको नाम | नियुक्ति मिति | योग्यता | अध्यापन गर्ने विषय | पूर्णकालीन वा आंशिक वा कुन प्रकारको नियुक्ति हो भाषामा लेख्ने |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

६ विद्यार्थी विवरण:

स्नातक तहमा अध्ययनरत जम्मा विद्यार्थी सख्या छात्र छात्रा

स्नातकोतर तहमा अध्ययनरत जम्मा विद्यार्थी सख्या छात्र छात्रा

स्नातक र स्नातकोतर तहमा अध्ययनरत विद्यार्थीहरुको नामनामेसी देहायअनुसार रहेको छ :

| क्र.सं. | विद्यार्थीको नाम | छात्र / छात्रा | सङ्कायको नाम | अध्ययन तह | वर्ष समेष्टर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

बद्रीनाथ गैहे
प्रदेश सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|

८ सूचना प्रविधि सम्बन्धीको विवरणः

९ सामजिक विकास मन्त्रालय,हेटौडा/ शिक्षा विकास निर्देशनालय,हेटौडा/ सामाजिक विकास कार्यालय हरुको अनुदानवाट सञ्चालित कार्यक्रमहरुको विवरण

खण्ड ख

प्रस्तावित योजनाः

उद्देश्य

प्रस्तावित कार्यक्रम र अनुमानित बजेट

कार्ययोजना

अपेक्षित नतिजा

क्याम्पसले गरेको महत्वपूर्ण कार्यहरुको तत्विरहरु तथा क्याम्पसका तस्विरहरु

**माथि उल्लेखित ढाँचामा नै प्रस्तावना तयारः गर्नुपर्नेछ । प्रस्तावना तयार गरेर प्रत्येक पानामा क्याम्पस प्रमुख र क्याम्पस सञ्चालक समितिको अध्यक्षले अनिवार्य नाम पद र हस्ताक्षर गरी क्याम्पसको छाप लगाउनुपर्नेछ ।**

संलग्न कागजातः

- प्रस्तावित कार्यक्रम तथा कार्ययोजना वमोजिम सञ्चाल कार्यक्रमसम्बन्धमा क्याम्पस सञ्चालक समितिको प्रतिबद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि,
- कार्यरतअध्यापकहरुक शैक्षिक योग्यता वायोडाटा र नियुक्ति पत्र ( पूर्णकालिन वा आंशिक वा अन्य कुन प्रकारको हो सो कुरा नियुक्ति पत्र/ करार पत्रमा खुलेको हुनुपर्ने)
- 
- विश्वविद्यालयले दिएको सम्वन्धन पत्र
- प्रमाणित कागजातको आवश्यक थप हुने पुष्टी विवरणहरुको गरिएका उल्लेख प्रस्तावमा प्रतिलिपि,
- । कागजातहरु सम्वद्ध अन्य

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

अनुसुची ३-

(दफा ७(१) सँग सम्वन्धित)

## शिक्षा विकास निर्देशनालय र कार्यक्रम सञ्चालन गर्ने क्याम्पस बिच भएको सम्झौता ।

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा ( जसलाई प्रथम पक्ष भनिएको छ) र ...................... जिल्ला, ........... .वडा नं ............. पालिका /गाउँ/नगर/उपमहानगर/महानगर ............................मा सञ्चालित श्री ...................................... क्याम्पस, .................... (जसलाई द्वितीय पक्ष भनिएको छ) बिच शैक्षिक गुणस्तर अभिवृध्दि कार्यक्रम सञ्चालनका लागि तपसिलका सर्तहरू पालना गर्ने गरी यो सम्झौता गरी दियौंलियौं/ ।

क: प्रथम पक्षले पालना गर्नुपर्ने सर्तहरू .

१. प्रस्ताव अनुसारको शैक्षिक गुणस्तर अभिवृध्दि कार्यक्रम सञ्चालन गर्न दुई किस्तामा अधिकतम् रु .................। -(....................मात्र ) सम्म मात्र रकम क्याम्पसको खातामा तोकिए अनुसार अनुदान दिइने छ।

२. कार्यक्रमको कुल बजेटको ५० प्रतिशतले हुन आउने रकम सम्झौता पश्चात् क्याम्पसको खातामा निकासा दिइने छ। बाँकी ५० प्रतिशतसम्मको रकम बिल भरपाईबमोजिम कार्य सम्पन्न गरेपछि सम्बन्धित क्याम्पसको खातामा निकासा दिइने छ ।

३. दोस्रो पक्षले तोकिएको सर्तअनसारको प्रक्रिया पुरा गरी कागजात पेस गरेपछी प्रथम पक्षले अन्तिम किस्ता अनुदान रकम सम्वन्धित क्याम्पसको निकासा दिने छ।

४. दोस्रो पक्षले तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्ष अन्तिम किस्ता रकम निकासा दिन बाध्य हुने छैन र पहिले निकासा भएको ५० प्रतिशत रकम निर्देशनालयमा फिर्ता गर्नुपर्नेछ।

५. सम्झौता विपरीत कार्य गरेको पाइएमा, कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा पनि यो सम्झौता रद्द गरी दोस्रो पक्षलाई दिइएको अनुदान रकम सरकारी बाँकीसरह असुलउपर गर्ने छ ।

ख. दोस्रो पक्षले पालना गर्नुपर्ने सर्तहरु

१. क्याम्पसले मिति भित्र कार्य सम्पन्न गरी दोस्रो किस्ता माग गर्न आवश्यक कागजात सहित शिक्षा विकास निर्देशनालयमा पेश गर्नुपर्ने छ ।

२. क्याम्पसले सम्झौता भए पश्चात कार्य प्रारम्भ गर्नुपर्ने छ ।

३. क्याम्पसले बजेटको सिमाभित्र रही प्रस्तावित कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने पूँजीगत प्रकृतिका सामग्रीहरु सम्वन्धित विषयका प्राविधिकवाट तयार गर्न र शैक्षिक गुणस्तर वृध्दि सम्वन्धी

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

क्षमता विकास कार्यक्रम शिक्षक स्टाफ बैठकबाट तय गरी सञ्चालक समितिबाट अनुमोदन गराई खरिद तथा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

४. कार्यक्रम सञ्चालन गर्दा प्रथम पक्षबाट निकासा भएको रकम नपुग हुन गएमा सो नपुग रकम व्यवस्थापन गर्ने जिम्मेवारी क्याम्पस कै हुनेछ ।

५. क्याम्पसले कार्य सम्पन्न गर्दा गरेको सम्पूर्ण कामको रकम कार्य सम्पन्न प्रतिवेदनमा समावेश गर्नुपर्ने छ ।

६. क्याम्पसले शैक्षिक गुणस्तर अभिवृध्दि कार्यक्रम सञ्चालन गर्दा सञ्चालक समितिको अध्यक्ष, स्थानीय तहको प्रतिनिधि र क्याम्पस प्रमुख समेतको ३ सदस्यीय अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्नुपर्ने छ । उक्त समितिले सो कार्यको रेखदेख अनुगमन गरी कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

७. सम्बन्धित स्थानीय तह र अन्य सरोकारवाला कार्यालयहरूबाट समेत अनुगमननिरीक्षण हुन सक्ने / हुँदाक्याम्पसले सो कार्यको अभिलेख अध्यावधिक राख्ने र खोजेको बेला देखाउन सक्ने व्यवस्था मिलाउनुपर्ने छ ।

८. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजानिक निर्माण तथा खरिदसम्बन्धी प्रचलित ऐन निमय ( संशोधनसहितको सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४) तथा कार्यविधि अनुसार गर्नु गराउनुपर्ने छ ।

९. कार्य सम्पन्न भइसकेपछि सो सम्बन्धी सामग्री जिन्सि दाखिला गर्ने, सामग्रीको उपयोग तथा सो को रेखदेख र उचित मर्मत सम्भार गर्ने कार्य सम्त स्वतः क्याम्पसको नै हुनेछ।

१०. अन्तिम किस्ता माग गर्दा निम्न कागजातहरु लिई आउनु पर्ने छः

क सम्झौताअनुसार कार्य सम्पन्न भई शिक्षकहरूको स्टाफ बैठकले .............................विषयका सामाग्रीहरु खरिद भएको / पूर्वाधार निर्माण भइ व्यवस्थापन भएको भनी निर्णय गरेको निर्णय प्रतिलिपि

ख. सस्था/ कम्पनीले पेश गरेको कोटेशनहरुको प्रतिलिपि र मूल्याङ्कन तालिका

ग. क्याम्पस सञ्चालक समितिबाट लागत अनुमान स्पेसिफिकेसन अनुसारको कार्य विवरण खोली सो अनुसार व्यवस्थापन समेत भएको भन्ने निर्णय, अनुगमन समितिको प्रतिवेदन र समष्टित प्रतिवेदन

घ. क्याम्पस प्रमुखबाट प्रमाणित बिल भर्पाइको प्रतिलिपी

ङ. निर्माण र खरिद गरी प्रयोग गरिएका सामानहरुको पोटोहरु

च. सामान खरिदको हकमा जिन्सि दाखिला र दाखिला प्रतिवेदन

छ. कार्य सम्पन्न भएको र अन्तिम किस्ता भुक्तानी दिनु भनी सम्वन्धित स्थानीय तहको सिफारिस पत्र ।

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

सम्झौता गर्ने व्यक्तिहरू

पहिलो पक्षशिक्षा विकास निर्देशनालयको तर्फबाटः :

१.निर्देशकको नाम
हस्ताक्षर .........................

२.योजना तथा कार्यक्रम शाखाको अधिकृतको नामः

हस्ताक्षर .........................

३. आर्थिक प्रशासन शाखा प्रमुख
..................... हस्ताक्षर

दोस्रो पक्षः क्याम्पसको तर्फबाटः

१. सञ्चालक समितिको अध्यक्षको नाम
हस्ताक्षर .........................

२. क्याम्पस प्रमुखको नाम

हस्ताक्षर .........................

मितिः २०८१। । ।

बद्रीनाथ गैहे
प्रदेश सचिव